आज मिति २०८० साल बैशाख १७ गते विहान ११ बजे भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपसिल बमोजिमको उपस्थितीमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

तपसिल :

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री रमेश कार्की, का.वा.वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंगाबहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री रामबहादुर डाँगी, वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सचिव) प्रमुख प्रशासकीय अधिकृत

सहयोगीहरु :

श्री मान बहादुर ठाडा, लेखाअधिकृत
श्री कुल बहादुर खडका, प्रशासन शाखा
श्री विर बहादुर चुनारा, सहयोगी

निर्णय प्रमाणित

**प्रस्ताव नं. १ : योजना संशोधन सम्बन्धमा ।**

निर्णय नं. १ : यस भेरीगंगा नगरपालिका कार्यालय तथा वडा कार्यालयबाट नगरपालिकामा सिफारिस भई आएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु संशोधन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

**तपसिल**

**वडा कार्यालय तर्फ**

| क्र.सं. | साविकको योजनाको नाम | वडा नं. | रकम | संशोधित योजना | रकम | कै. |
|---|---|---|---|---|---|---|
| १ | बजार सरसफाई | १२ | १००००० | नरहरीको घरदेखि १० नं. जोड्ने पक्की नाली निर्माण | १००००० | पहिलेको बार्षिक स्वीकृत तथा संशोधित योजनाबाट ७ लाख रहेकोमा हाल ८ लाख |

**न्यायिक समितितर्फ**

**तपसिल**

| क्र.सं. | साविकको योजनाको नाम | रकम | संशोधित योजना | रकम | कै. |
|---|---|---|---|---|---|
| १ | मेलमिलाप केन्द्र गठन | ९०००० | न्यायिक समितिको मेलमिलाप संयोजक तालिम | १४०००० | |
| २ | न्यायिक समितिको मेलमिलाप संयोजक तालिम | ५०००० | | | |

**पशुपंक्षि विकास शाखातर्फ**

**तपसिल**

| क्र.सं. | साविकको योजनाको नाम | रकम | संशोधित योजना | रकम | कै |
|---|---|---|---|---|---|
| १ | पाखीबास बंगुरका पाठापाठी वितरण कार्यक्रम | १८०००० | घास काट्ने साधा चारामेसिन च्यापकटर मेसीन वितरण | १८०००० | |
| २ | कार्यालय सहयोगी भोलेन्टीयर पारिश्रमीक कार्यक्रम | १५६००० | लम्पी स्किन डिजिज महामारी रोग नियन्त्रणका लागि औषधी खरिद | २५६००० | |
| ३ | कृत्रिम गर्भाधान तालिम | ५०००० | | | |
| ४ | प्रयोगशाला तालिम | ५०००० | | | |

**भूमी ईकाई तर्फ रकम थप**

भेरीगंगा नगरपालिकाको गत नगरसभाबाट बिनियोजन भएको रकम खर्च भई बाँकी कामकाज गर्नका लागि रकम अभाव भएकोले नगरको चालु तर्फको बचत शिर्षकबाट रु ५ लाख रुपैयाँ थप गर्ने ।

**प्रस्ताव नं. २ : "घ" बर्गको निर्माण व्यवसायी ईजाजतपत्र स्वीकृत सम्बन्धमा ।**

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको घ बर्गको इजाजतपत्र जारी, नविकरण, संशोधन, नामसारी र खारेजी गर्नका लागि तयार गरिएको कार्यविधि २०७५, को दफा २ बमोजिम कार्यपालिकामा पेश हुन आएको तपसिल बमोजिमको नाम, ठेगाना रहेको निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो।

**तपसिल**

१. ट्रष्ट ईन्जिनियरिङ्ग कन्ट्रक्सन एण्ड कन्सल्टेन्सी, भेरीगंगा १२, सुर्खेत ।

**प्रस्ताव नं. ३ : कालिदमार महायज्ञ (विद्यालय) सहयोग सम्बन्धमा ।**

निर्णय नं. ३ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ५ स्थित कालिदमार विद्यालयमा स्मार्ट विद्यालय निर्माणका लागि महायज्ञ संचालन भएकोमा उक्त महायज्ञको लागि रु २,०१,१०५। आर्थिक सहायता शिर्षकबाट सहयोग गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ४ : हात्तिसुडे खानेपानीको लागि पाइप खरिद सम्बन्धमा ।**

निर्णय नं. ४ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ४ स्थित हात्तिसुडे खानेपानीको पाइप आगलागी भई क्षति पुगेकोले उक्त खानेपानी सुचारु गर्न नगरपालिकाको भैपरी पुँजीगत शिर्षकबाट रु २ लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : भेरी बहुमुखी क्याम्पसलाई सहयोग सम्बन्धमा ।**

निर्णय नं. ५ : गुर्भाकोट नगरपालिकास्थित संचालित भेरी बहुमुखी क्याम्पसलाई सहयोग गर्ने सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : शिखर मावि श्रोतकेन्द्र मर्मत सहयोग सम्बन्धमा ।**

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ मा रहेको शिखर मावि श्रोतकेन्द्र मर्मत सहयोग सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ : सत्तरी मोहटी बाटो मर्मत सम्बन्धमा ।**

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिकाको वडा नं. २ स्थित सत्तरी मोहटी बाटो मर्मतका लागि रु ५ लाख रुपैंया भैपरी पुँजीगत शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : प्राविधिक फिल्ड भत्ता सम्बन्धमा ।**

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकामा पूर्वाधार विकास शाखा मातहतमा कार्यरत प्राविधिक कर्मचारी, सवारी चालकलाई साविकमा खाईपाई आएको प्राविधिक फिल्ड भत्ता तथा भत्तालाई निरन्तरता दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ९ : स्वास्थ्य शिविर खर्च सम्बन्धमा ।**

निर्णय नं. ९ : यस भेरीगंगा नगरपालिका वडा नं. १२ स्थित छिन्चु स्वास्थ्य चौकी कम्पाउन्डमा संचालित पाठेघरको स्क्रीनिङ्ग शिविर संचालनको क्रममा खर्च भएको ५ लाख ४३ हजार सात सय ३९ रुपैयाँ भुक्तानी माग भई आएकोमा बिल भपाई चेकजाँच गरी बास्तविक खर्च एकीन गरी प्रक्रिया पुऱ्याई चालु बचत शिर्षकबाट भुक्तानी दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

निर्णय प्रमाणित

**प्रस्ताव नं. १० : धार्मिक संस्था र सहकारीको बजेट बाँडफाँड सम्बन्धमा ।**

निर्णय नं. १० : यस भेरीगंगा नगरपालिकाको धार्मिक संस्था र सहकारी संस्थाको बजेट बाँडफाँड शिर्षकमा विनियोजन बजेटको सम्बन्धमा उद्योग विकास तथा सहकारी शाखालाई अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्न निर्देशन दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. ११ : नगरको प्रशासकीय भवनको बोलपत्र स्वीकृती, सम्झौता, निर्माण स्थल तोक्ने सम्बन्धमा ।**

निर्णय नं. ११ : यस भेरीगंगा नगरपालिकाको प्रशासनिक भवन निर्माणको लागि बोलपत्र मूल्यांकन गर्दा छनौट भएको फर्म श्री ईन्द्रधनु अछाम निर्माण सेवा र कबोल अंक ६,५२,८५,१६२।२३ (भ्याट सहित) स्वीकृत तथा अनुमोदन गरी सम्झौता र अन्य प्रक्रिया अगाडी बढाउने र नगरपालिका ग्यारेज क्षेत्र र कम्पाउन्डीङ्गको केही तारजाली हटाई सोही क्षेत्रमा भवन निर्माण कार्य अगाडी बढाउने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १२ : आगामी योजना तयारी सम्बन्धमा ।**

निर्णय नं. १२ : यस भेरीगंगा नगरपालिकाको आगामी आ.व. २०८०।०८१ सालको लागि योजना तथा कार्यक्रम तयारीका लागि २०८० बैशाख मसान्तसम्म टोल र वस्तीस्तरका योजना छनौट गर्न वडा कार्यालयलाई निर्देशन दिने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १३ : झिंगेनारा दमार कल्भर्ट मर्मत सम्बन्धमा ।**

निर्णय नं. १३ : यसं भेरीगंगा नगरपालिकाको वडा नं. १० स्थित झिंगेनारा दमार कल्भर्ट मर्मतका लागि ४ लाख रुपैयाँ भैपरी आउने शिर्षकबाट विनियोजन गरी मर्मत गर्ने निर्णय सर्बसम्मतीले पारित गरियो ।

**प्रस्ताव नं. १४ : नरहरीको घर देखि १० नं जोड्ने पक्की नाली निर्माणलाई बजेट थप सम्बन्धमा ।**

निर्णय नं. १४ : यस भेरीगंगा नगरपालिका वडा नं. १२ स्थित नरहरीको घर देखि १० नं जोड्ने पक्की नाली निर्माणलाई बजेट थप सम्बन्धमा अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।